प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

# प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित प्राविधिक शिक्षामा आवाशीय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना**ः

सबै नागरिकहरूलाई प्राविधिक शिक्षामा सरल र सर्वसुलभ पहुँच स्थापित गर्नका लागि प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तहका युवाहरूलाई विशेष व्यवस्था गर्न वाञ्छनीय भएकाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को मिति २०७७/१०/१५ को १८४ औँ बैठकको निर्णय नम्बर १०८८ बमोजिम परिषद् कार्यालयले यो कार्यविधि बनाएको छ।

(१) **कार्यविधिको नाम र प्रारम्भ**ः

(क) यो कार्यविधिको नाम ***"प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित प्राविधिक शिक्षामा आवाशीय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९"*** रहेको छ ।

(ख) यो कार्यविधि परिषद् कार्यालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

(२) **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सम्झनु पर्छ ।

(ख) "प्रदेश कार्यालय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका प्रदेश कार्यालयलाई सम्झनु पर्छ ।

(ग) "पाठ्यक्रम" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले तयार गरेको डिप्लोमा तथा प्रमाणपत्र तह र प्रिडिप्लोमा तहको विधागत पाठ्यक्रम सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा (४) बमोजिमको समिति सम्झनु पर्छ।

(ङ) "न्यूनत्तम शैक्षिक योग्यता" भन्नाले प्राविधिक शिक्षा कार्यक्रमको लागि परिषद्ले तोकेको न्यूनत्तम शैक्षिक योग्यता सम्वन्धित पाठ्यक्रममा उल्लेख भए बमोजिम एस.ई.ई./एस.एल.सी. उत्तीर्ण सम्झनु पर्छ ।

(च) "कार्यक्रम संयोजक" भन्नाले आवाशीय छात्रवृत्ति कार्यक्रम सञ्चालनको लागि शिक्षालय प्रमुखले तोकेको सम्बन्धित कार्यक्रमको अधिकृतस्तरको प्रशिक्षक सम्झनु पर्छ।

(छ) "प्राविधिक शिक्षा" भन्नाले परिषद्बाट स्वीकृत डिप्लोमा तथा प्रमाणपत्र तह वा प्रिडिप्लोमा तह वा सो सरहको प्राविधिक शैक्षिक कार्यक्रम सम्झनु पर्छ।

(ज) "शिक्षालय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदबाट प्राविधिक शिक्षा कार्यक्रमको शिक्षणको लागि स्वीकृति वा सम्बन्धन प्राप्त भएका आगिंक, साझेदारी, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा र निजी शिक्षण संस्था समेतलाई सम्झनु पर्छ ।

(झ) "पहुँच नपुगेका स्थानीय तह" भन्नाले परिषद् अन्तर्गत सञ्चालित डिप्लोमा तथा प्रमाणपत्र तह वा प्रिडिप्लोमा तहका कार्यक्रम वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सञ्चालित कक्षा (९-१२) को प्राविधिक धारका कार्यक्रम सञ्चालन हुन नसकेका स्थानीय तहलाई सम्झनु पर्दछ ।

(ञ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्दछ ।

**(३) प्रशिक्षण हुने कार्यक्रम र शिक्षालय छनोटः**

(१) शैक्षिक सत्रको नयाँ भर्नाको लागि यस कार्यविधि बमोजिम प्रशिक्षण हुने विधा र विधागत प्रशिक्षणको कोटा निर्धारण गर्नुपर्नेछ।

स्पष्टीकरणः

यस दफाको प्रयोजनका लागि शैक्षिक सत्र भन्नाले शिक्षालयको नियमित शैक्षिक सत्रमा प्रशिक्षार्थी भर्ना दोहोरो नपर्ने गरी तोकिएको अवधिलाई सम्झनु पर्छ।

(२) आङ्गिक शिक्षालय र परिषद्सँगको साझेदारीमा सञ्चालित शिक्षालयबाट प्रशिक्षणको लागि शिक्षालय छनोट गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम शिक्षालय छनोट गर्दा नियमित कार्यक्रममा बाधा नपर्ने गरी शिक्षालयमा उपलब्ध भौतिक सुविधा तथा जनशक्तिको प्रयोग गरी अतिरिक्त कार्यक्रम सञ्चालन गर्न सक्ने क्षमता समेतको विश्लेषण गरी गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम कार्यक्रम छनोट गर्दा कार्यक्रमगत विविधता र उपदफा (२) बमोजिम शिक्षालय छनोट गर्दा प्राविधिक शिक्षाको पहुँच नपुगेको स्थानीय तह लक्षित भौगोलिक सन्तुलनलाई आधार मानी गर्नुपर्नेछ।

(५) परिषद् कार्यालयले उपदफा (१) बमोजिम प्रशिक्षणको लागि कोटा निर्धारण गरी परीक्षा नियन्त्रण कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ। सोको जानकारी सम्बन्धित शिक्षालय र प्रदेश कार्यालयलाई समेत गराउनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त विवरण समावेश गरी प्रवेश परीक्षाका लागि परीक्षा नियन्त्रण कार्यालयले आवश्यक प्रबन्ध गर्नेछ।

**(४) समन्वय तथा सञ्चालन समितिः**

(१) प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित आवासीय छात्रवृत्ति कार्यक्रम, नियमन, सञ्चालन तथा सहजीकरणका लागि देहायबमोजिमको आवासीय छात्रवृत्ति समन्वय तथा सञ्चालन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | उपाध्यक्ष, परिषद् | अध्यक्ष |
| (ख) | सदस्य सचिव, परिषद् | सदस्य |
| (ग) | अधिकृत स्तरको कर्मचारी प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| (घ) | अधिकृत स्तरको कर्मचारी प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| (ङ) | अधिकृत स्तरको कर्मचारी प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| (च) | परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय, परिषद् | सदस्य |
| (छ) | निर्देशक, नीति निर्धारण तथा योजना महाशाखा, परिषद् | सदस्य |
| (ज) | निर्देशक, प्रशाशन महाशाखा, परिषद् | सदस्य |
| (झ) | निर्देशक, प्राविधिक महाशाखा, परिषद् | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार अन्य विज्ञहरुलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि समन्वय तथा नीतिगत निर्णय गर्ने,

(ख) कार्यक्रम सञ्चालनको लागि शैक्षिक सत्र निर्धारण गर्ने,

(ग) प्राविधिक शिक्षाको कार्यक्रम छनोट गर्ने,

(घ) प्राविधिक शिक्षाको स्थानीय तहगत कोटा निर्धारण गर्ने,

(ङ) शिक्षालय छनोट गर्ने,

(च) प्रशिक्षार्थी भर्ना सम्बन्धी आवश्यक व्यवस्था गर्नेगराउने,

(छ) प्राविधिक शिक्षाको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,

(ज) प्राविधिक शिक्षा प्राप्त युवाहरूको अभिलेखीकरण गर्ने गराउने,

(झ) परिषद् कार्यालय, शिक्षालय, शिक्षालय प्रमुख, कार्यक्रम संयोजक लगायतका निकाय र कर्मचारीहरूलाई आवश्यक निर्देशन दिने,

(४) समितिले कार्यसम्पादनको लागि आफ्नो कार्यविधि आँफैले निर्धारण गर्न सक्नेछ।

(५) परिषद् कार्यालयको प्राविधिक महाशाखाले समितिको सचिवालय सम्बन्धी कामकाज गर्नेछ।

(६) समितिले प्रचलित कानुनबमोजिमको सुविधा प्राप्त गर्नेछ।

**(५) विशेष जिम्मेवारीः**

(१) शिक्षालय प्रमुखको जिम्मेवारी देहाय बमोजिम रहेनेछः

(क) परीक्षा नियन्त्रण कार्यालयको सिफारिस अनुसार प्रशिक्षार्थी भर्ना गर्ने,

(ख) शिक्षालयमा नियमित प्रशिक्षण (प्रयोगात्मक र सैद्धान्तिक) को व्यवस्था मिलाउने,

(ग) छात्रवृत्तिबापतको सुविधा रकम प्रत्येक महिना समाप्त भएपछि सम्बन्धित प्रशिक्षार्थीको बैङ्क खातामा उपलब्ध गराउने,

(घ) शिक्षालयको तर्फबाट प्रतिवेदन पेश गर्ने,

(२) कार्यक्रम संयोजकको जिम्मेवारी देहाय बमोजिम रहेनेछः

(क) दैनिक प्रशिक्षण तालिका निर्माण र अध्यावधिक गर्ने,

(ख) प्रशिक्षण तालिका बमोजिम प्रशिक्षक र कर्मचारीहरूसँग समन्वय गर्ने,

(ग) छात्रवृत्तिबापतको सुविधा रकम प्राप्त गर्न योग्य प्रशिक्षार्थीहरूको नामावली मासिक रुपमा पेश गर्ने,

(घ) प्रशिक्षार्थीहरूको अभिलेख अध्यावधिक गर्ने,

(ङ) अन्तिम मूल्याङ्कन हुने वार्षिक वा सेमेष्टर परीक्षामा (प्रयोगात्मक र सैद्धान्तिक समेत) सहभागी र अनुपस्थित प्रशिक्षार्थीहरूको विवरण अध्यावधिक गर्ने,

(च) प्रशिक्षार्थीहरूको गुनासोको सुनुवाई गर्ने,

(छ) शिक्षालयको तर्फबाट प्रतिवेदन तयार गर्ने,

(ज) शिक्षालय प्रमुखले तोकिदिएका अन्य कार्यहरु सम्पादन गर्ने।

**(६) प्रशिक्षार्थीको योग्यता, छनोट र रजिष्ट्रेशनः**

(१) प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तहका (अनुसूची–१) युवा यस कार्यक्रममा सहभागी हुन सक्नेछन्।

(२) प्रवेश परीक्षाको शैक्षिक योग्यताको सम्बन्धमा परीक्षा नियन्त्रण कार्यालयले तोकेको न्यूनतम शैक्षिक योग्यता पूरा गरेको हुनुपर्नेछ।

<u>स्पष्टीकरणः</u>

यस दफाको प्रयोजनका लागि शैक्षिक योग्यता भन्नाले CGPA, कुल प्राप्ताङ्क प्रतिशत र विषयगत प्राप्ताङ्क वा प्रतिशत वा GPA समेतलाई बुझाउँछ।

(३) प्रत्येक कार्यक्रम र स्थानीय तहलाई आधार मानी छुट्टा-छुट्टै प्रतिष्पर्धा हुनेछ।

(४) प्रशिक्षार्थी भर्नाका लागि सिफारिस गर्दा देहायका आधारमा १०० अङ्कलाई पूर्णाङ्क मानिनेछ। उतीर्णाङ्क ३५ अङ्क हुनेछ।

(क) न्यूनतम शैक्षिक योग्यता ३० अङ्क

(ख) लिखित परीक्षा ७० अङ्क

(५) उपदफा (३) बमोजिमको प्रतिष्पर्धाको लागि उपदफा (४) बमोजिमको योग्यताक्रमको आधारमा परीक्षा नियन्त्रण कार्यालयले भर्ना अवधिसमेत उल्लेख गरी प्रशिक्षार्थी भर्ना सिफारिस (बैकल्पिकसमेत) गर्नुपर्दछ।

(६) उपदफा (५) बमोजिम सम्बन्धित शिक्षालयले प्रशिक्षार्थीको भर्ना गर्नुपर्नेछ। तोकिएको समयभित्र भर्ना हुन नआएका प्रशिक्षार्थीहरूको विवरणसमेत उल्लेख गरी सुरु भर्नाको म्याद समाप्त भएको भोलिपल्ट परीक्षा नियन्त्रण कार्यालयलाई जानकारी दिनुपर्दछ।

(७) उपदफा (६) बमोजिमको विवरण प्राप्त हुनासाथ परीक्षा नियन्त्रण कार्यालयले उपदफा (५) बमोजिमको बैकल्पिक योग्यताक्रमबाट भर्नाका लागि सम्बन्धित शिक्षालयमा निवेदन पेश गर्न निवेदनको समायवधी, नतिजा प्रकासन हुने मिति र भर्ना गर्नुपर्ने अवधि समेत तोकी सूचना गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिमको सूचना प्राप्त हुनासाथ सम्बन्धित शिक्षालयहरूले प्रशिक्षार्थीहरूको निवेदन (विद्युतीय निवेदन समेत) मूल दर्ता किताबमा समेत दर्ता गर्नुपर्नेछ। शिक्षालयमा यसरी प्राप्त निवेदनहरूको छुट्टै फाइलिङ्ग गरी सुरु नतिजाको बैकल्पिक योग्यताक्रमको आधारमा शिक्षालयको व्यावस्थापन समितिले भर्ना सिफारिस गर्नुपर्दछ।

(९) उपदफा (८) बमोजिम समेत प्रशिक्षार्थी भर्ना हुन नआएमा रिक्त कोटाको विवरणसहितको सूचना परीक्षा नियन्त्रण कार्यालय र परिषद् कार्यलयको वेबसाइटमा समेत अपलोड गरेको भोलिपल्ट देखि बढीमा सात दिनसम्मका लागि भर्ना हुन सक्कल कागजातसहित उपस्थित हुने प्रशिक्षार्थीलाई (First comes First) को मान्यताको आधारमा भर्ना गर्नुपर्नेछ।

(१०) दरखास्त फाराम सङ्कलन, फारामको चेकजाँच, प्रवेश परीक्षा सञ्चालन, नतिजा प्रकाशन एवम् रजिष्ट्रेसनसम्बन्धी कार्यहरू परीक्षा नियन्त्रण कार्यालय आफूले वा प्रदेश कार्यालयमार्फत कार्य सम्पादन गर्न गराउन सक्नेछ।

(११) यस दफा बमोजिमको योग्यता नपुगेका प्रशिक्षार्थीहरूको रजिष्ट्रेशन कायम गर्नु हुदैन। यसरी रजिष्ट्रेशन कायम गराएमा सम्बन्धित कर्मचारीहरूको हकमा विभागीय कारबाही हुनेछ र प्रशिक्षार्थीको हकमा देहायबमोजिमकको रकम शिक्षालयले तोकेको कोषमा जम्मा गर्नुपर्नेछ।

(क) यस अवधिसम्म दफा ७(१) बमोजिम प्राप्त गरेको रकम,

(ख) खुलातर्फ पूर्ण शुल्कीय कोटाको समान हुनेगरी सुरु भर्ना देखि हुनेगरी शिक्षालयले तोकिदिएको प्रशिक्षण शुल्क

(१२) उपदफा ११(क) बापतको रकम सम्बन्धित प्रशिक्षार्थीले शिक्षालयमा बुझाउनुपर्नेछ। उक्त रकम सम्बन्धित प्रशिक्षार्थीले बुझाउन इन्कार गरेमा सरकारी बाँकी सरह भएको मानी प्रचलित कानुनबमोजिम असूल उपर हुनेछ।

**(७) छात्रवृत्ति बापतको विशेष सुविधाः**

(१) शिक्षालयमा अध्ययनरत प्रशिक्षार्थीहरूलाई देहायबमोजिम हुनेगरी छात्रवृत्ति बापतको सुविधा रकम उपलब्ध गराइनेछः

(क) डिप्लोमा तहको लागिः

(१) निर्वाह भत्ताः मासिक तीन हजार पाँच सय गरी बढीमा एक लाख छब्बिस हजार,

(२) पोशाक खर्चः वार्षिक दुई हजार पाँच सय गरी बढीमा सात हजार पाँच सय,

(३) यातायात खर्चः वार्षिक एक हजार पाँच सय गरी बढीमा चार हजार पाँच सय,

(४) आवासीय खर्चः मासिक दुई हजार गरी बढीमा बहत्तर हजार।

(ख) प्रिडिप्लोमा तहको लागिः

(१) निर्वाह भत्ताः मासिक तीन हजार पाँच सय गरी बढीमा त्रिसठ्ठी हजार

(२) पोशाक खर्चः बार्षिक दुई हजार पाँच सय गरी बढीमा दुई हजार पाँच सय,

(३) यातायात खर्चः बार्षिक एक हजार पाँच सय गरी बढी एक हजार पाँच सय,

(४) आवासीय खर्चः मासिक दुई हजार गरी बढीमा छत्तिस हजार

(२) शिक्षालयमा आवासीय सुविधा उपलब्ध गराएमा आवासीय खर्च बापतको रकम प्रशिक्षार्थीलाई उपलब्ध गराइने छैन र सो रकम शिक्षालयले आवासीय व्यवस्थापनमा खर्च गर्नु पर्नेछ।

(३) शिक्षालयले उपदफा (१) बमोजिमको रकम प्रशिक्षार्थीलाई बैङ्कमार्फत भुक्तानी गर्नुपर्नेछ।

(४) प्रशिक्षार्थीले नियमित प्रशिक्षण (सैद्धान्तिक वा प्रयोगात्मक) को लागि शिक्षालयलाई कुनै शुल्क तिर्नुपर्ने छैन

(५) भर्ना हुदाँका बखत धरौटीबापत नियमित प्रशिक्षण सरह हुनेगरी शिक्षालयले तोकेको रकम सम्बन्धित प्रशिक्षार्थीले भर्ना भएको एक महिनाभित्र शिक्षालयले तोकेबमोजिम जम्मा गर्नुपर्नेछ।

**(८) छात्रवृत्तिबापतको सुविधा रकम भुक्तानी नहुनेः**

(१) देहायका प्रशिक्षार्थीले दफा (६) बमोजिमको रकम पाउने छैन्।

(क) प्रत्येक महिना कम्तिमा ९०% रुजु हाजिरी नभएमा सो महिनाको लागि तोकिएको रकम,

(ख) अन्तिम मूल्याङ्कन हुने वार्षिक वा सेमेष्टर परीक्षामा (प्रयोगात्मक र सैद्धान्तिक समेत) सहभागी नभएमा आगामी शैक्षिक सत्रको लागि तोकिएको रकम,

(२) उपदफा (१)(ख) मा जेसुकै लेखिएको भएतापनि देहायको अवस्थामा दफा (७) बमोजिमको रकम भुक्तानी गर्न बाधा पर्नेछैन।

(क) प्राकृतिक वा दैविक विपदमा परी स्थायी बसोबास गरिरहेको घर बस्न योग्य नभएको वा परिवारको सदस्यको मृत्यु भएको वा अङ्गभङ्ग हुनेगरी गम्भिर घाइते भएको,

(ख) स्वीकृत चिकित्सकको परामर्शमा अस्पतालमा भर्ना भइ उपचारमा रहेको,

(३) उपदफा (२) बमोजिमको रकम भुक्तानीका लागि घटनाको वास्तविकता देखिने गरी सम्बन्धित स्थानीय तहको सिफारिस, अस्पतालको अभिलेख सहितको पत्र लगायतका सबुद प्रमाण राखी शिक्षालयमा निवेदन गर्नुपर्नेछ।

(४) शिक्षालयले प्रशिक्षार्थीको सक्कल निवेदन सहितका कागजात, परीक्षाको हाजिरी लगायतका कागजात संलग्न राखी समिति समक्ष पेश गर्नुपर्नेछ। समितिले निवेदन प्राप्त भएको तीन महिनाभित्र निर्णय गरी तत्काल सूचना दिनुपर्नेछ।

**(९) कार्यक्रम र बजेटसम्बन्धी व्यवस्थाः**

(१) परीक्षा सञ्चालनसम्बन्धी नियमित कार्यक्रम बजेटबाट परीक्षा नियन्त्रण कार्यालय वा सम्बन्धित प्रदेश कार्यालयले प्रशिक्षार्थी छनोट र नियमित परीक्षा सञ्चालनसम्बन्धी खर्चको व्यवस्थापन गर्नेछ।

(२) सुरु भर्ना भएको आर्थिक वर्षको हकमा परिषद् कार्यालयले शिक्षालयलाई प्रशिक्षण खर्च र दफा (७) बमोजिम छात्रवृत्तिबापतको सुविधा रकम उपलब्ध गराउनेछ।

(३) दोश्रो र तेश्रो आर्थिक वर्षको हकमा सम्बन्धित आङ्गिक शिक्षालयले दफा (७) बमोजिम छात्रवृत्तिबापतको सुविधा रकम र प्रशिक्षणका लागि तोकिएको रकमसमेत हुनेगरी वार्षिक कार्यक्रम बजेटमा समावेश गर्नुपर्नेछ।

(४) दोश्रो र तेश्रो आर्थिक वर्षको हकमा सम्बन्धित साझेदारी स्वरुपको शिक्षालयको हकमा दफा (७) बमोजिम छात्रवृत्तिबापतको सुविधा रकम र प्रशिक्षणका लागि तोकिएको रकमसमेत हुनेगरी सम्बन्धित प्रदेश कार्यालयले वार्षिक कार्यक्रम बजेटमा समावेश गर्नुपर्नेछ। शिक्षालयले यस उपदफा बमोजिमको रकम निकासाका लागि शैक्षिक प्रगति विवरण; खर्चको फाँटवारी; अन्तिम लेखापरीक्षण प्रतिवेदन लगायतका कागजात सम्बन्धित प्रदेश कार्यालयमा पेश गर्नुपर्नेछ।

(५) प्रशिक्षणबापत शिक्षालयलाई उपलब्ध गराउने रकम तथा अन्य सुविधाहरु समितिले निर्धारण गर्न सक्नेछ।

**(१०) कबुलियतनामा गर्नुपर्ने:**

(१) शिक्षालयमा भर्ना हुनुपूर्व प्रत्येक प्रशिक्षार्थीले अनुसूची-२ बमोजिमको ढाँचामा शिक्षालय प्रमुखसमक्ष कबुलियतनामा गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कबुलियतनामा सहित भर्ना भएका प्रशिक्षार्थीहरूको विवरण सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनुपर्नेछ।

(३) प्रशिक्षार्थीको व्यक्तिगत रजिष्ट्रेशन नम्बर प्राप्त भएपछि कबुलियतनामामा अध्यावधिक गराउनुपर्नेछ।

**(११) प्रशिक्षार्थीको अभिलेख राख्नुपर्ने:**

(१) शिक्षालयले प्रत्येक प्रशिक्षार्थीहरूको व्यक्तिगत अभिलेख अद्यावधिक गर्नुपर्नेछ। व्यक्तिगत अभिलेखमा देहायका विवरणहरू समावेश गर्नुपर्नेछः

(क) प्रशिक्षार्थी रजिष्ट्रेसन प्रमाणपत्रको प्रतिलिपि,

(ख) भर्नाका बखत पेश गरेका प्रमाणपत्रहरूको प्रतिलिपि,

(ग) नागिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्थायी बसोबास सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,

(ङ) भर्ना भएको तहको मार्कसिट, ट्रान्सक्रिप्ट, माइग्रेसन, चारित्रिक प्रमाणपत्रहरूको प्रतिलिपि,

(च) शिक्षालयले उपयुक्त ठानेका अन्य प्रमाणपत्र

(२) शिक्षालयले अनुसूची-३ बमोजिमको ढाँचामा सबै प्रशिक्षार्थीहरूको विवरण राख्नुपर्नेछ।

**(१२) प्रतिवेदन तयार गर्नुपर्ने:**

(१) एक शैक्षिक सत्रको पूरा अवधि समाप्ति भएपश्चात शिक्षालयले विस्तृत प्रतिवेदन प्राविधिक महाशाखामा पेश गर्नुपर्नेछ। उक्त प्रतिवेदनमा देहायका विषयवस्तुहरूसमेत समावेश हुनेछन्।

(ख) शिक्षालयको संक्षिप्त परिचय (स्थापना, अवस्थिति, सञ्चालित कार्यक्रम, कर्मचारी प्रशिक्षकको अवस्था, कार्यक्रम/वर्ष/सेमेष्टरगत प्रशिक्षार्थीको सङ्ख्या आदि),

(ग) आवाशीय छात्रवृत्ति कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण र सम्झौतापत्रको प्रतिलिपि,

(घ) छात्रवृत्ति कार्यक्रममा भर्ना भएका र अन्तिम उतीर्ण प्रशिक्षार्थीहरूको विवरण,

(ङ) प्रत्येक प्रशिक्षार्थीले भुक्तानी लिएको छात्रवृत्ति रकमको विवरण,

(च) प्रशिक्षणको लागि सम्झौता रकम र खर्चको अवस्था,

(छ) शिक्षालयले उपयुक्त ठानेका अन्य विषयवस्तुहरू

(१) शिक्षालयले प्रकाशन गर्ने प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था प्राविधिक महाशाखाले तोकेबमोजिम हुनेछ।

(२) प्राविधिक महाशाखाले एक शैक्षिक सत्र (अन्तिम नतिजा प्रकासन समेत) पूरा भएपश्चात शिक्षालयहरूको प्रतिवेदन समेतका आधारमा विस्तृत प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ।

(३) शिक्षालयले अनुसूची-४ बमोजिम खर्चको एकीकृत विवरण अध्यावधिक गर्नुपर्नेछ।

(४) प्राविधिक महाशाखाले अनुसूची-५ बमोजिमको विवरण अभिलेखीकरण गर्नुपर्नेछ।

**(१३) अनुगमन तथा मूल्याङ्कनः**

(१) शिक्षालयमा सञ्चालित कार्यक्रमको परिषद् कार्यालयबाट बर्षमा कम्तिमा २ पटक अनुगमन गर्नु पर्नेछ।

(२) अनुगमनमा जाने पदाधिकारीले अनुगमनबाट फर्केको एक हप्ताभित्र परिषद्का सदस्य सचिव समक्ष लिखित प्रतिवेदन पेश गर्नुपर्नेछ।

(३) प्रतिवेदनमा उल्लेखित पृष्ठपोषणहरु सम्बन्धित शिक्षालयले तुरुन्त कार्यान्वयन गर्नुपर्नेछ ।

**(१४) प्रशिक्षार्थी निष्कासन गर्न सकिनेः**

(१) देहायका प्रशिक्षार्थीलाई शैक्षिक कार्यक्रममा समावेश हुन नपाउने गरी शिक्षालयको सञ्चालक समितिले जुनसुकै बखत निष्कासन गर्न सक्नेछ।

(क) शिक्षालय वा सार्वजिनिक सम्पत्तिको गम्भिर हानी नोक्सानी हुने कार्य गरेमा वा उल्लिखित कार्यको लागि प्रोत्साहन गरेमा,

(ख) शिक्षालयको शैक्षिक तथा प्राज्ञिक गतिविधिमा बाधा हुनेगरी अवाञ्छनीय क्रियाकलाप गरेमा,

(ग) जुनसुकै अभियोगमा अदालतबाट दोषी ठहर भइ कारागार चलान भएमा,

(घ) झुटो विवरण राखी दफा (७) बमोजिमको सुविधा लिएमा।

(२) उपदफा १(क) र १(ख) को हकमा घटना वा उजुरी प्राप्त हुनासाथ शिक्षालय प्रमुखले सञ्चालक समितिको अध्यक्षको परामर्श र निर्देशनमा रही घटना वा उजुरीका सम्बन्धमा सम्बन्धितहरूसँग बुझ्ने र सफाईको अवसर पेश गर्ने मौका उपलब्ध गराउनुपर्नेछ।

(३) उपदफा १(घ) बमोजिमको कार्य गरेको प्रशिक्षार्थीको हकमा प्रचलित कानुनबमोजिम थप कारवाहीका लागि अख्तियारवाला समक्ष तत्काल लेखी पठाउनु पर्नेछ।

**(१५) विविधः**

(१) यो कार्यविधिको प्रयोगका सम्बन्धमा द्विविधा उत्पन्न भएमा समितिले आवश्यक व्याख्या गर्न सक्नेछ।

(२) परिषद् कार्यालयले आवश्यकता अनुसार अनुसूची अध्यावधिक गर्ने सक्नेछ।

अनुसूचीः १ – प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह

| क्रम सङ्ख्या | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| १. | प्रदेश नम्बर एक | इलाम | माई जोगमाई गाउँपालिका |
| २. | प्रदेश नम्बर एक | इलाम | माई नगरपालिका |
| ३. | प्रदेश नम्बर एक | खोटाङ्ग | केपिलासगढी गाउँपालिका |
| ४. | प्रदेश नम्बर एक | खोटाङ्ग | दिप्रुङ्ग गाउँपालिका |
| ५. | प्रदेश नम्बर एक | खोटाङ्ग | बराहपोखरी गाउँपालिका |
| ६. | प्रदेश नम्बर एक | ताप्लेजुङ्ग | आठराई त्रिवेणी गाउँपालिका |
| ७. | प्रदेश नम्बर एक | ताप्लेजुङ्ग | फक्ताङ्लुङ्ग गाउँपालिका |
| ८. | प्रदेश नम्बर एक | ताप्लेजुङ्ग | मिक्वाखोला गाउँपालिका |
| ९. | प्रदेश नम्बर एक | ताप्लेजुङ्ग | याङ्वरक गाउँपालिका |
| १०. | प्रदेश नम्बर एक | ताप्लेजुङ्ग | सिदिङ्गवा गाउँपालिका |
| ११. | प्रदेश नम्बर एक | तेह्रथुम | फेदाप गाउँपालिका |
| १२. | प्रदेश नम्बर एक | तेह्रथुम | मेन्छयायेम गाउँपालिका |
| १३. | प्रदेश नम्बर एक | धनकुटा | खाल्सा छिन्ताङ्ग सहिदभूमि |
| १४. | प्रदेश नम्बर एक | पाँचथर | हिलिहाङ्ग गाउँपालिका |
| १५. | प्रदेश नम्बर एक | भोजपुर | साल्पासिलिछो गाउँपालिका |
| १६. | प्रदेश नम्बर एक | मोरङ्ग | कटहरी गाउँपालिका |
| १७. | प्रदेश नम्बर एक | मोरङ्ग | सुनवर्षी नगरपालिका |
| १८. | प्रदेश नम्बर एक | सङ्खुवासभा | चिचिला गाउँपालिका |
| १९. | प्रदेश नम्बर एक | सङ्खुवासभा | मकालु गाउँपालिका |
| २०. | प्रदेश नम्बर एक | सङ्खुवासभा | सभापोखरी गाउँपालिका |
| २१. | प्रदेश नम्बर एक | सुनसरी | गढी गाउँपालिका |
| २२. | प्रदेश नम्बर एक | सुनसरी | दुहबी नगरपालिका |
| २३. | प्रदेश नम्बर एक | सुनसरी | भोक्राहा गाउँपालिका |
| २४. | प्रदेश नम्बर एक | सोलुखुम्बु | खुम्बु पासाङल्हामु गाउँपालिका |
| २५. | प्रदेश नम्बर एक | सोलुखुम्बु | दुधकौशिका गाउँपालिका |
| २६. | प्रदेश नम्बर एक | सोलुखुम्बु | लिखु पिके गाउँपालिका |
| २७. | मधेश | धनुषा | औरही गाउँपालिका |
| २८. | मधेश | धनुषा | क्षिरेश्वरनाथ नगरपालिका |
| २९. | मधेश | धनुषा | धनौजी गाउँपालिका |

| क्रम सङ्ख्या | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| ३०. | मधेश | धनुषा | मिथिला नगरपालिका |
| ३१. | मधेश | पर्सा | छिपहरमाई गाउँपालिका |
| ३२. | मधेश | पर्सा | जगरनाथपुर गाउँपालिका |
| ३३. | मधेश | पर्सा | जिराभवानी गाउँपालिका |
| ३४. | मधेश | पर्सा | धोबीनी गाउँपालिका |
| ३५. | मधेश | पर्सा | पकाहा मैनपुर गाउँपालिका |
| ३६. | मधेश | पर्सा | पटेर्वा सुगौली गाउँपालिका |
| ३७. | मधेश | पर्सा | बिन्दबासिनी गाउँपालिका |
| ३८. | मधेश | बारा | देवताल गाउँपालिका |
| ३९. | मधेश | बारा | बारागढी गाउँपालिका |
| ४०. | मधेश | बारा | सुवर्ण गाउँपालिका |
| ४१. | मधेश | महोत्तरी | साम्सी गाउँपालिका |
| ४२. | मधेश | महोत्तरी | सोनमा गाउँपालिका |
| ४३. | मधेश | रौतहट | गरुडा नगरपालिका |
| ४४. | मधेश | रौतहट | परोहा नगरपालिका |
| ४५. | मधेश | रौतहट | बौधीमाई नगरपालिका |
| ४६. | मधेश | रौतहट | राजपुर नगरपालिका |
| ४७. | मधेश | सप्तरी | बलान बिहुल गाउँपालिका |
| ४८. | मधेश | सप्तरी | महादेवा गाउँपालिका |
| ४९. | मधेश | सर्लाही | चक्रघट्टा गाउँपालिका |
| ५०. | मधेश | सर्लाही | धनकौल गाउँपालिका |
| ५१. | मधेश | सर्लाही | पर्सा गाउँपालिका |
| ५२. | मधेश | सर्लाही | बसबरिया गाउँपालिका |
| ५३. | मधेश | सर्लाही | रामनगर गाउँपालिका |
| ५४. | मधेश | सर्लाही | हरिपुर्वा नगरपालिका |
| ५५. | मधेश | सिरहा | कर्जन्हा नगरपालिका |
| ५६. | बागमती | काभ्रेपलान्चोक | नमोबुद्ध नगरपालिका |
| ५७. | बागमती | काभ्रेपलान्चोक | मण्डन देउपुर नगरपालिका |
| ५८. | बागमती | चितवन | खैरहनी नगरपालिका |
| ५९. | बागमती | धादिङ्ग | धुनीबेंशी नगरपालिका |
| ६०. | बागमती | नुवाकोट | तारकेश्वर गाउँपालिका |

| क्रम सङ्ख्या | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| ६१. | बागमती | नुवाकोट | दुप्चेश्वर गाउँपालिका |
| ६२. | बागमती | नुवाकोट | मेघाङ्ग गाउँपालिका |
| ६३. | बागमती | रसुवा | पार्वतीकुण्ड गाउँपालिका |
| ६४. | बागमती | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका |
| ६५. | बागमती | सिन्धुली | ध्याङलेख गाउँपालिका |
| ६६. | गण्डकी | बाग्लुङ्ग | तमानखोला गाउँपालिका |
| ६७. | गण्डकी | गोरखा | चुमनुब्री गाउँपालिका |
| ६८. | गण्डकी | तनहुँ | ऋषिङ्ग गाउँपालिका |
| ६९. | गण्डकी | तनहुँ | देवघाट गाउँपालिका |
| ७०. | गण्डकी | नवलपरासी पूर्व | हुप्सेकोट गाउँपालिका |
| ७१. | गण्डकी | पर्बत | जलजला गाउँपालिका |
| ७२. | गण्डकी | पर्बत | पैयुं गाउँपालिका |
| ७३. | गण्डकी | मनाङ्ग | नारफु गाउँपालिका |
| ७४. | गण्डकी | मनाङ्ग | नाशोङ गाउँपालिका |
| ७५. | गण्डकी | मनाङ्ग | नेस्याङ गाउँपालिका |
| ७६. | गण्डकी | मुस्ताङ्ग | दालोमे गाउँपालिका |
| ७७. | गण्डकी | मुस्ताङ्ग | बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका |
| ७८. | गण्डकी | लमजुङ्ग | दुधपोखरी गाउँपालिका |
| ७९. | गण्डकी | लमजुङ्ग | दोर्दी गाउँपालिका |
| ८०. | लुम्बिनी | अर्घाखाँची | शितगङ्गा नगरपालिका |
| ८१. | लुम्बिनी | अर्घाखाँची | भुमिकास्थान नगरपालिका |
| ८२. | लुम्बिनी | गुल्मी | छत्रकोट गाउँपालिका |
| ८३. | लुम्बिनी | दाङ्ग | शान्तिनगर गाउँपालिका |
| ८४. | लुम्बिनी | नवलपरासी पश्चिम | सुस्ता गाउँपालिका |
| ८५. | लुम्बिनी | रुपन्देही | ओमसतिया गाउँपालिका |
| ८६. | लुम्बिनी | रुपन्देही | कोटहीमाई गाउँपालिका |
| ८७. | लुम्बिनी | रुपन्देही | सम्मरीमाई गाउँपालिका |
| ८८. | लुम्बिनी | रोल्पा | लुङ्ग्री गाउँपालिका |
| ८९. | कर्णाली | कालिकोट | पलाता गाउँपालिका |
| ९०. | कर्णाली | डोल्पा | छार्का ताङसोङ गाउँपालिका |
| ९१. | कर्णाली | डोल्पा | डोल्पो बुद्ध गाउँपालिका |

| क्रम सङ्ख्या | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| ९२. | कर्णाली | डोल्पा | शे फोक्सुण्डो गाउँपालिका |
| ९३. | कर्णाली | दैलेख | ठाँटीकाँध गाउँपालिका |
| ९४. | कर्णाली | सल्यान | ढोरचौर गाउँपालिका |
| ९५. | कर्णाली | हुम्ला | अदानचुली गाउँपालिका |
| ९६. | सुदुरपश्चिम | कञ्चनपुर | लालझाडी गाउँपालिका |
| ९७. | सुदुरपश्चिम | बझाङ्ग | काँडा गाउँपालिका |
| ९८. | सुदुरपश्चिम | बाजुरा | त्रिवेणी नगरपालिका |
| ९९. | सुदुरपश्चिम | बाजुरा | पाण्डव गुफा गाउँपालिका |

अनुसूचीः २ - कबुलियतनामाको नमूना

# कबुलियतनामा

लिखितम्.................. प्रदेश ............ जिल्ला .......... गाउँ/नगर/महानगर/उपमहानगरपालिका वडा नम्बर ......... गाउँ/टोल स्थायी ठेगाना भइ ....................................... का नाति/नातिनी ........................................ का छोरा/छोरी हाल ................................................................ बस्ने वर्ष ...... का श्री ................................ ले प्राविधिक शिक्षा तथा व्यवासयिक तालिम परिषद् प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित आवाशीय छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम प्राविधिक शिक्षा हासिल गर्न र अध्ययन पश्चात सेवा गर्न समेत मञ्जुर हुनेगरी अध्ययनको लागि भर्ना भएको यस ......................... प्राविधिक शिक्षालय, (जिल्ला)का शिक्षालय प्रमुखसमक्ष देहायका सर्तनामासमेत हुनेगरी कबुलियतनामा गरिदिएको छु।

**सर्तहरूः**

(१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सानोठिमी, भक्तपुरबारट जारी भएको प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित प्राविधिक शिक्षामा आवाशीय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९ का सम्बन्धमा अध्ययन गरी जानकारी लिएको छु। उक्त कार्यविधिको पालनामा पूर्ण प्रतिबद्द हुनेछु।

(२) **म यस शिक्षालयमा रहदाँसम्म** वा अध्ययन अवधि समाप्ति पश्चात पनि शिक्षालयको उद्देश्य विपरित हुनेगरी कुनै किसिमको कार्य गर्ने छैन वा प्रोत्साहनसमेत गर्ने छैन।

(३) सम्बन्धित विषयको पाठ्यक्रमले तोकिदिएको शैक्षिक तथा प्राविधिक कार्यमा पूर्ण निष्ठाका साथ सहभागी हुनेछु।

(४) अध्ययन अवधि समाप्ति हुनासाथ नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा परिषद् कार्यालयले तोकिदिएको स्थानमा कम्तिमा एक वर्षको निशुल्क प्राविधिक सेवा उपलब्ध गराउनेछु।

(५) उपदफा (४) बमोजिमको सेवा प्रवाह नगरेको कारणले मेरो शैक्षिक प्रमाणपत्र परिषद् कार्यालयले तोकेको अवधिसम्म निलम्बन गर्न सक्नेछ।

(६) परिषद् कार्यालय वा शिक्षालयले समय समयमा तोकिदिएका व्यवस्थाहरू पालना गर्नेछु।

प्रशिक्षण हुने तहः कार्यक्रमः अवधिः

**माथि उल्लेखित शर्तहरूमा पूर्ण सहमत छु।** यस कबुलियतनामाको विषयमा कही कतै उजुर बाजुर गर्ने छैन। पछि कुनै किसिमको उजुर बाजुर भएतापनि यसै कबुलियतनामा बमोजिम हुनेगरी सही छाप गरिदिएको छु।

**कबुलियतनामा गर्ने प्रशिक्षार्थीको विवरणः**

दस्तखतः

नाम, थरः

रजिष्ट्रेसन नम्बरः

नागरिकता नम्बरः

नागरिकता जारी मिति र जिल्लाः

रोल नम्बरः

मितिः

दायाँ बायाँ

**प्रचलित कानुनबमोजिम बालिग भएपछि प्रशिक्षार्थीले सही छाप गर्नेः**

दायाँ बायाँ

मितिः

**शिक्षालयको तर्फबाट**

शिक्षालयको छापः

दस्तखतः

शिक्षालय प्रमुखको नामः

अनुसूचीः ३ - प्रशिक्षार्थीको एकीकृत विवरण

तालिका १ प्रशिक्षार्थीको एकीकृत विवरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

प्राविधिक शिक्षालय

**प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित आवशीय छात्रवृत्ति – प्रशिक्षार्थीको एकीकृत विवरण**

प्रशिक्षण सुरु भएको वर्षः प्रशिक्षण सम्पन्न हुने/भएको वर्षः

तहः कार्यक्रम

| नाम, थर नेपाली | नाम, थर अँग्रेजी | लिङ्ग | प्रवेश परीक्षा सिम्बोल नम्बर | रजिष्ट्रेसन नम्बर | न्यूनतम योग्यता | न्यूनतम योग्यताको कूल प्रतिशत वा CGPA | स्थायी ठेगाना | | | | सम्पर्क नम्बर | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | इमेल | मोबाइल | अभिभावकको नाम | अभिभावकसँगको नाता | अभिभावकको मोबाइल | |
| | | | | | | | | | | | | | | | | |

तयार गर्नेः प्रमाणित गर्नेः

तालिका २ शैक्षिक प्रगति विविरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

प्राविधिक शिक्षालय

**प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित आवशीय छात्रवृत्ति – शैक्षिक प्रगति विवरण**

| क्रम सङ्ख्या | प्रशिक्षणको तह | कार्यक्रम | भर्ना वर्ष | प्रशिक्षण समापन हुने/भएको वर्ष | भर्नाको आवेदन कोटा | रजिष्ट्रेसन भएका प्रशिक्षार्थी सङ्ख्या | वर्ष वा समेष्टर | अन्तिम परीक्षमा सहभागी प्रशिक्षार्थी सङ्ख्या | अन्तिम परीक्षमा उतीर्ण प्रशिक्षार्थी सङ्ख्या | उतीर्ण प्रशिक्षार्थी प्रतिशत | वास्तविक उतीर्ण प्रशिक्षार्थी प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

तयार गर्नेः

प्रमाणित गर्नेः

अनुसूचीः ४ - शिक्षालयको खर्चको विवरण

तालिका १ खर्चको एकीकृत विवरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

प्राविधिक शिक्षालय

**प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित आवशीय छात्रवृत्ति – खर्चको एकीकृत विवरण**

प्रशिक्षण सुरु भएको वर्षः प्रशिक्षण सम्पन्न हुने/भएको वर्षः

तहः कार्यक्रमः

कुल सम्झौता रकमः

| आर्थिक वर्ष | नियमित प्रशिक्षण | प्रशिक्षण सामग्री | औजार उपकरण | छात्रवृत्तिबापतको सुविधा | प्रयोगात्मक अभ्यास | प्रशासनीक खर्च | विविध खर्च | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

तयार गर्नेः प्रमाणित गर्नेः

तालिका २ खर्चको संक्षिप्त विवरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

प्राविधिक शिक्षालय

**प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित आवशीय छात्रवृत्ति – खर्चको संक्षिप्त विवरण**

प्रशिक्षण सुरु भएको वर्षः प्रशिक्षण सम्पन्न हुने/भएको वर्षः

तहः कार्यक्रमः

कुल सम्झौता रकमः

| आर्थिक वर्ष | निकासा प्राप्त | खर्च | निकासा फिर्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |

तयार गर्नेः प्रमाणित गर्नेः

अनुसूचीः ५ - परिषद् कार्यालयबाट गरिने अभिलेखिकरण फारामको नमूना

तालिका १ बजेट र खर्चको विवरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

## सानोठिमी, भक्तपुर

**प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित आवशीय छात्रवृत्ति – बजेट र खर्चको विवरण**

| क्रम सङ्ख्या | शिक्षालयको नाम, ठेगाना | प्रशिक्षणको तह | कार्यक्रम | भर्ना वर्ष | प्रशिक्षण समापन हुने/भएको वर्ष | भर्ना आवेदन कोटा | प्रशिक्षार्थी रजिष्ट्रेसन सङ्ख्या | कुल सम्झौता रकम | आर्थिक वर्ष | विनियोजित रकम | खर्चको अवस्था | | | | | | | | खर्चको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | नियमित प्रशिक्षण | प्रशिक्षण सामग्री | औजार उपकरण | छात्रवृत्तिबापतको सुविधा | प्रयोगात्मक अभ्यास | प्रशासनिक खर्च | विविध खर्च | जम्मा | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्नेः

प्रमाणित गर्नेः

तालिका २ शिक्षालयको शैक्षिक प्रगति विवरण

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

## सानोठिमी, भक्तपुर

**प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित आवशीय छात्रवृत्ति – शैक्षिक प्रगति विवरण**

| क्रम सङ्ख्या | शिक्षालयको नाम, ठेगाना | प्रशिक्षणको तह | कार्यक्रम | भर्ना वर्ष | प्रशिक्षण समापन हुने/भएको वर्ष | भर्नाको आवेदन कोटा | रजिष्ट्रेसन भएका प्रशिक्षार्थी सङ्ख्या | वर्ष वा समेष्टर | अन्तिम परीक्षमा सहभागी प्रशिक्षार्थी सङ्ख्या | अन्तिम परीक्षमा उतीर्ण प्रशिक्षार्थी सङ्ख्या | उतीर्ण प्रशिक्षार्थी प्रतिशत | वास्तविक उतीर्ण प्रशिक्षार्थी प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

तयार गर्नेः

प्रमाणित गर्नेः